मायादेवी गाउँपालिका, रुपन्देहीको बजेट अधिबेशनमा

प्रबक्ता श्री शैलेन्द्र कुमार पाण्डेयद्वारा

प्रस्तुत गरिएको आ.ब. २०८३/०८४ को

# बजेट बक्तब्य-२०८३




मायादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## वि.सं.२०८३ असार ०९ गते, मङ्गलवार

**सभाका अध्यक्ष ज्यू, उपाध्यक्षज्यू, सभा सदस्यज्यूहरू, सभा सचिव ज्यू, राष्ट्रसेवक कर्मचारीहरू, पत्रकार मित्रहरू, उपस्थित महानुभावहरू,**

**सर्वप्रथम म मायादेवी गाउँपालिकाको तर्फबाट यस गरिमामय गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।**

**यस गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।**

यस अवसरमा सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सबै प्रकारका परिवर्तनका आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै घाइते, बेपत्ता एवं पीडित परिवारहरूप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरूबाट निर्देशित हुँदै यसै गाउँसभाबाट स्वीकृत गाउँ सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रमको उद्देश्य **"समृद्ध मायादेवी, सुखी मायादेवीवासी"** को मूल मर्मलाई आत्मसात् गर्दै बजेट तर्जुमा गरिएको । यसैगरी राजनीतिक दलका नेतृत्वका सुझाव, विगतका अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, स्थानीय सामुदायिक संघ-संस्था, बुद्धिजीवी, सरोकारवाला निकाय, सञ्चारकर्मी लगायतका क्षेत्रहरूबाट विभिन्न माध्यमबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरूलाई समेत समेट्दै आगामी आ.व. २०८३/०८४ को अनुमानित बजेट प्रस्ताव गरिएको छ ।

यो बजेट मायादेवी गाउँपालिकावासीको तीव्र विकासको उत्कट चाहनालाई आत्मसात् गरी सबै क्षेत्रको समतामूलक विकासलाई दृष्टिगत गर्दै तयार पारिएको छ । मायादेवी गाउँपालिकाले स्थापित गरेको गरिमालाई थप उचाइमा पुऱ्याउने गरी ल्याइएको यस बजेटले गाउँपालिका भित्रका बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

वित्तीय संघीयता अनुरूप विभिन्न तह र निकायहरूबाट प्राप्त हुने अनुदान र राजश्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरूमा लगानी केन्द्रित गरिएको छ । यो लगानीबाट शैक्षिक क्षेत्रको सर्वाङ्गीण विकास, भौतिक पूर्वाधार र दिगो विकास, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र गाउँपालिकाको सन्तुलित र समन्यायिक विकास हासिल हुने अपेक्षा गरिएको छ ।

उपर्युक्त नीति र व्यवस्थित योजनाका साथ अगाडि बढ्न सक्दा गाउँपालिकाको विकास, समृद्धि तथा सामाजिक न्यायको मार्गमा अगाडि बढाउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौं ।

यस बजेटमा गाउँ सरकारको क्षेत्राधिकारभित्रका कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नका लागि सञ्चालित गाउँपालिकाका महत्वपूर्ण गौरवका योजनाहरूलाई आगामी आ.व.मा सम्पन्न तथा सञ्चालन गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरिएको छ ।

बजेटमार्फत रोजगारी सिर्जना गर्ने, आयआर्जन बढाउने र समृद्ध मायादेवी गाउँपालिकाको निर्माण गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरिएको छ । यसैगरी मध्यमकालीन खर्च संरचना अनुरूप योजनाको प्राथमिकीकरण सहित स्रोतको सुनिश्चितता गरी बजेटलाई बढी वस्तुपरक र कार्यान्वयनयोग्य बनाइएको छ ।

यस बजेटको सफल कार्यान्वयनले गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन, सेवा प्रवाह, स्थानीय न्याय निरूपण तथा सांस्कृतिक एवं मानवीय विकासमा थप टेवा पुग्ने अपेक्षा लिईएको छ ।

**सभा अध्यक्ष ज्यू,**

आगामी आ.व. २०८३/०८४ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ । **"समृद्ध मायादेवी : सुखी मायादेवीवासी"** भन्ने लक्ष्य हासिल गर्न बलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरू देहायअनुसार रहेका छन्-

- क. शिक्षा क्षेत्रमा लगानी गरी समग्र गाउँपालिकाको शिक्षाको सर्वाङ्गीण विकास र गुणस्तरमा वृद्धि गर्ने ।
- ख. सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सबै गाउँपालिकावासीमा सुनिश्चित गर्ने ।
- ग. उद्यमशीलताको विकास र नवप्रवर्तनमा आधारित योजनामार्फत रोजगारी सिर्जना गर्ने ।
- घ. कृषि, पशुपालन तथा स्थानीय उत्पादनको प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्रको आधार निर्माण गर्ने ।
- ङ. वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा लगानी वृद्धि गरी समुन्नत र सुरक्षित गाउँपालिका निर्माण गर्ने ।
- च. सुशासन, पारदर्शिता तथा उत्तरदायी सेवा प्रवाह सुनिश्चित गर्ने ।

**बजेटका प्राथमिकताहरू**

क. शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको परिमाणात्मक र गुणात्मक अभिवृद्धि गर्ने ।

ख. प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी गर्ने, उद्यमशीलता, रोजगारी, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।

ग. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम पहिचान तथा न्यूनीकरण गर्ने ।

घ. सामाजिक क्षेत्रमा गुणात्मक सुधार, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच कायम गर्ने ।

ङ. समतामूलक समाज र समावेशी विकासलाई अगाडि बढाउने ।

च. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।

गाउँपालिका सरकारले बजेटका उद्देश्यहरू हासिल गर्न र प्राथमिकता प्राप्त आयोजनाहरू कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नेछ । गाउँपालिकामा उपलब्ध श्रम, सीप, पूँजी, क्षमता र ज्ञानको प्रभावकारी उपयोग गरी रोजगारी सिर्जना गर्न सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिनेछ ।

**सभाध्यक्ष महोदय, अव म आ.ब. ०८३/८४ को राजश्व तथा श्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सभालाई जानकारी गराउन चाहन्छु ।**

१. नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय सङ्कलनका लागि आवश्यक व्यवस्था मिलाईएको छ ।

२. नदीजन्य पदार्थ चोरी, निकासी तथा अवैध उत्खनन रोकथाम, कर चुहावट नियन्त्रण गर्दै आन्तरिक आय बृद्धि गरि आत्म निर्भर उन्मुख हुदैं जाने तथा राजश्व परामर्श समितिले दिएका कर सुधारका सुझावहरुलाई तथा सभाले पारित गरिसकेको नीति तथा कार्यक्रमले अवलम्वन गरेका राजश्व सम्वन्धी व्यवस्था हरुको कार्यान्वयन गर्दै लैजाने ब्यवस्था मिलाईएको छ ।

३. कर संकलनका लागि गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ती शिविरहरु सञ्चालन गर्ने, समयमै कर तिर्ने करदाताहरुलाई छुट दिने, असल करदातालाई सम्मान गर्ने ब्यवस्था मिलाईएको छ ।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर तथा बार्षिक ब्यवसाय करमा सहुलियत दिने व्यवस्था मिलाईएको छ ।

**सभा अध्यक्ष ज्यू,**

आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै स्वस्थ्य, समृद्ध, आधुनिक तथा सुन्दर गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच पुरा गराउन आ.व २०८३/०८४ को गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व ०८३/८४ को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को आय अनुमान तथा स्रोत व्यवस्थाको विवरण प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका लागि संघीय सरकार, प्रदेश सरकार, राजश्व बाँडफाँट, आन्तरिक आय, स्थानीय राजश्व बाँडफाँट तथा बैंक मौज्दात समेतबाट प्राप्त हुने अनुमानित आयका आधारमा रु. ६२ करोड १९ लाख २५ हजार बराबरको बजेट प्रस्तुत गरिएको छ ।

उक्त बजेटका लागि देहाय बमोजिमको स्रोत व्यवस्था गरिएको छः

- संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १३ करोड ४६ लाख ।
- संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. २० करोड ८६ लाख ।
- संघीय समपूरक अनुदान रु. ४० लाख ।
- संघीय विशेष अनुदान रु. १ करोड ।
- संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने रु. ११ करोड ६५ लाख ८७ हजार ।
- प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ९३ लाख ८८ हजार ।
- प्रदेश सशर्त अनुदान रु. १ करोड ८१ लाख ।
- प्रदेश विशेष अनुदान रु. २० लाख ।
- प्रदेश समपूरक अनुदान रु. ७५ लाख ।
- प्रदेश राजश्व बाँडफाँट रु. १ करोड ११ लाख ५० हजार ।
- आन्तरिक राजश्व रु. ३ करोड ५० लाख ।
- बैंक मौज्दात रु. ३ करोड ५० लाख ।

- स्थानीय राजश्व बाँडफाँट रु. ३ करोड गरि आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल रु. ६२ करोड १९ लाख २५ हजार बराबरको आय अनुमान गरिएको छ ।

**सभा अध्यक्ष ज्यू,,**

अव म मायादेवी गाउँपालिका, रुपन्देहीको आ.व २०८३/८४ को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु।

यस गाउँपालिका अन्तरगतका वडाहरुबाट रु. १ करोड १५ लाख बजेट सिमाभित्र रहि योजना तथा कार्यक्रम निर्धारण गर्ने ब्यवस्था मिलाएको छ । गाउँपालिका अध्यक्ष विकास कार्यक्रम अन्तर्गत १ करोड १५ लाख, उपाध्यक्ष विकास कार्यक्रम अन्तर्गत ७५ लाख र कार्यपालिका सदस्य विकास कार्यक्रम अन्तर्गत ३० लाख बजेट विनियोजन गरिएको छ ।

**१. आर्थिक विकास क्षेत्र**

कृषि, पशुपालन, सहकारी, पर्यटन, रोजगार, उद्यमशीलता विकास, लघुउद्यम प्रवर्द्धन तथा स्थानीय आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न **रु. ४ करोड ९० लाख ६९ हजार ८ सय ८२ रुपैयाँ** अर्थात् कुल बजेटको **७.८९ प्रतिशत** विनियोजन गरिएको छ ।

**कृषि तथा पशुपन्छी विकास**

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि कृषक तथ्याङ्क अध्यावधिक तथा किसान कार्ड वितरण कार्यक्रम सञ्चालन गर्न **रु. २ लाख**, कृषक समूह तथा कृषकहरूको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न **रु. ८ लाख** तथा कृषि बीमा, कृषि कर्जा एवं नवीन कृषि प्रविधिसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न **रु. २ लाख** विनियोजन गरिएको छ ।

पशुपन्छी विकासतर्फ प्रयोगशाला व्यवस्थापनका लागि **रु. २ लाख**, व्यवसायिक माछापालन तालिम तथा प्रवर्द्धन कार्यक्रमका लागि **रु. २ लाख**, आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण कार्यक्रम तथा औषधि वितरणका लागि **रु. २ लाख** तथा व्यवसायिक गाईभैंसी पालन तालिम एवं आवश्यक औषधि तथा मिनरल वितरण कार्यक्रमका लागि **रु. १ लाख** विनियोजन गरिएको छ ।

कृषि उत्पादन वृद्धि, सिँचाइ सुविधाको विस्तार तथा कृषकहरूको उत्पादन लागत न्यूनीकरण गर्ने उद्देश्यले **गोनाहा सिँचाइ योजनाका लागि रु. ४० लाख** विनियोजन गरिएको छ । उक्त आयोजनाले खेतीयोग्य जमिनमा

वर्षैंभरि सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिईएको छ ।

स्थानीय स्तरमा रोजगारी सिर्जना तथा स्वरोजगार प्रवर्द्धन गर्न उत्पादन र उद्यमशीलतामार्फत रोजगारी सिर्जना, न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा पुनःएकीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न **रु. १० लाख ४७ हजार** विनियोजन गरिएमो छ । साथै उद्यमशीलता विकास, व्यवसाय सचेतना तथा व्यवसाय सुरु सम्बन्धी तालिम सञ्चालनका लागि **रु. ३ लाख** विनियोजन गरिएको छ ।

सहकारी क्षेत्रको सुदृढीकरणका लागि सञ्चालक समिति तथा व्यवस्थापक क्षमता विकास तालिमका लागि **रु. १ लाख ५० हजार**, उत्कृष्ट सहकारी संस्था सम्मान कार्यक्रमका लागि **रु. १ लाख**, अन्तर-सहकारी अनुभव आदानप्रदान तथा समीक्षा गोष्ठीका लागि **रु. ७५ हजार**, सहकारी संस्था अनुगमनका लागि **रु. ८० हजार** तथा सहकारी उद्यम विकास कार्यक्रमका लागि **रु. १ लाख ५० हजार** विनियोजन गरिएको छ ।

## २. सामाजिक विकास क्षेत्र

अब म सामाजिक विकास क्षेत्र अन्तर्गत सञ्चालन गरिने केही महत्वपूर्ण कार्यक्रमहरू तथा तिनका लागि विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका, युवा तथा खेलकुद, सामाजिक सुरक्षा, संस्कृति संरक्षण तथा सामाजिक समावेशीकरणका कार्यक्रमका लागि **रु. २६ करोड ३३ लाख २३ हजार ४५ रुपैयाँ** अर्थात् कुल बजेटको **४२.३४ प्रतिशत** विनियोजन गरिएको छ ।

बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी तथा CLC परिचालिकाका लागि हाल प्राप्त गरिरहेको तलबमा १० प्रतिशत तलब वृद्धि तथा कार्यसम्पादनमा आधारित थप १० प्रतिशत प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाइएको छ, जसबाट समग्रमा करिब २१ प्रतिशतको खुद तलब वृद्धि हुने देखिन्छ ।

**शिक्षा क्षेत्रतर्फ शिक्षक तथा शैक्षिक जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिँदै**, सामुदायिक विद्यालयहरूमा शिक्षक व्यवस्थापन सहयोग अनुदान, न्यूनतम तलब कार्यान्वयनका लागि बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी तथा CLC परिचालिकाको तलब व्यवस्थापन, कक्षा ११-१२ सञ्चालित माध्यमिक विद्यालयहरूमा शिक्षक व्यवस्थापन अनुदान तथा धार्मिक प्रकृतिका विद्यालय (मदरसा) हरूको शैक्षिक मूलप्रवाहीकरणका लागि शिक्षक अनुदान व्यवस्था गर्न कुल **रु. २ करोड ३४ लाख ८९ हजार ५ सय** बजेट विनियोजन गरिएको छ ।

शिक्षाको गुणस्तर सुधार तथा समावेशी शिक्षालाई प्रवर्द्धन गर्न जेहेन्दार, दलित, अपाङ्गता भएका तथा विपन्न विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न **रु. २ लाख** विनियोजन गरिएको छ ।

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक व्यवस्थापन अनुदानमा **रु. १६ लाख ५० हजार**, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढीकरणका लागि **रु. २ लाख ५० हजार**, शिक्षा समिति तथा विभिन्न समिति बैठक सञ्चालनका लागि **रु. २ लाख ५० हजार**, SEE नतिजाका आधारमा विद्यालय प्रोत्साहन अनुदानका लागि **रु. २ लाख** विनियोजन गरिएको छ ।

कक्षा ९ र १० का विद्यार्थीहरूका लागि वृत्ति मार्गदर्शन (Career Counseling) कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख ५० हजार**, विद्यालयमा फर्निचर व्यवस्थापनका लागि **रु. ९ लाख ५० हजार** तथा Digital Teaching Learning वातावरण निर्माणका लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

बिद्यार्थी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरु (हाजिरी जवाफ, निबन्ध लेखन, चित्रकला आदि) तथा खेलकुद प्रतियोगिताहरु संचालनको तथा गरिब जेहेन्दार विद्यार्थी प्रोत्साहनका कार्यक्रमको लागि आवश्यक रकम बिनियोजन गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, सहयोग, सहायता सामाग्री वितरण, आयमुलक तालिम लगायतका कार्यका लागि वडास्तर र गाउँपालिकास्तर गरि रु ८ लाख ५० हजार विनियोजन गरिएको छ ।

**स्वास्थ्य तथा आयुर्वेद क्षेत्र**

गुणस्तरीय, पहुँचयोग्य तथा नागरिकमैत्री स्वास्थ्य सेवा सुनिश्चित गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको यातायात तथा सञ्चार सुविधाका लागि **रु. १० लाख २२ हजार** विनियोजन गरिएको छ । बर्थिङ सेन्टरमा कार्यरत अनमी तथा सहयोगी कर्मचारीहरूको रात्री भत्ताका लागि **रु. १ लाख ४६ हजार** विनियोजन गरिएको छ ।

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक औषधि खरिद, भण्डारण, व्यवस्थापन, ढुवानी तथा रिप्याकिङ कार्यका लागि **रु. २५ लाख** विनियोजन गरिएको छ । स्वास्थ्य चौकी, गाउँघर क्लिनिक तथा खोप केन्द्रहरूमा आवश्यक औजार तथा उपकरण खरिदका लागि **रु. १ लाख** विनियोजन गरिएको छ ।

गर्भवती, सुत्केरी तथा किशोरीहरूको पोषण तथा स्वास्थ्य सुधारका लागि आइरन, फोलिक एसिड तथा क्याल्सियम चक्की खरिद गर्न **आवश्यक रकम** विनियोजन गरिएको छ ।

आयुर्वेद तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न समुदायस्तरमा योगाभ्यास तथा स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालनका लागि **रु. ५० हजार**, आयुर्वेदिक औषधि खरिदका लागि **रु. ३ लाख**, धनवन्तरी जयन्ती तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय योग दिवस कार्यक्रमका लागि **रु. २० हजार** तथा विद्यालयहरूमा आयुर्वेद, योग तथा तनाव व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि **रु. १ लाख** विनियोजन गरिएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान सञ्चालनका लागि **रु. १ लाख** विनियोजन गरिएको छ । बालमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक नीति, नियम तथा सूचकहरूको स्थानीयकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न **रु. १ लाख ५० हजार**, बाल क्लब गठन, पुनर्गठन तथा चौमासिक अन्तरक्रिया कार्यक्रमका लागि **रु. १ लाख २० हजार** तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायता सामग्री तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न **रु. ३ लाख** विनियोजन गरिएको छ ।

नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरि आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि ८ वटै वडाहरुमा घुम्ती आयुर्वेद सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ ।

### ३. पूर्वाधार विकास क्षेत्र

सडक, पुल, भवन, सिंचाइ, विद्युतीकरण, तटबन्धन, सार्वजनिक पूर्वाधार निर्माण तथा गौरवका आयोजनाहरूका लागि **रु. १५ करोड ७० लाख ३६ हजार ६२ रुपैयाँ** अर्थात् कुल बजेटको **२५.२५ प्रतिशत** विनियोजन गरिएको छ ।

गाउँपालिकाको प्रशासनिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन **वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका लागि रु. २ करोड ५० लाख** विनियोजन गरिएको छ । उक्त भवन निर्माण सम्पन्न भएपछि सेवाग्राहीहरूले सहज, व्यवस्थित तथा गुणस्तरीय सेवा प्राप्त गर्ने विश्वास लिईएको छ।

मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको पहुँच विस्तार तथा सुरक्षित मातृत्व प्रवर्द्धन गर्ने उद्देश्यले **वडा नं. ५ स्थित गोनाहा बर्थिङ्ग सेन्टर भवन निर्माणका लागि रु. २ करोड ६० लाख** विनियोजन गरिएको छ । यस आयोजनाले गाउँपालिकाको स्वास्थ्य सेवा सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

सामुदायिक तथा सामाजिक गतिविधिहरू सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार विकास गर्ने उद्देश्यले **वडा नं. १ स्थित जनजागृति भवन निर्माणका लागि रु. ४९ लाख** विनियोजन गरिएको छ । उक्त भवनलाई सामाजिक, शैक्षिक तथा सामुदायिक गतिविधिको केन्द्रका रूपमा विकास गरिनेछ।

वडा कार्यालयको सुरक्षा तथा व्यवस्थापनलाई थप सुदृढ बनाउन **वडा नं. ७ को वडा कार्यालय परिसरमा ब्यवस्थापनका लागि रु. ५० लाख** विनियोजन गरिएको छ ।

जलस्रोत संरक्षण, कृषि उत्पादन वृद्धि तथा बाढी नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले **मायादेवी– ३ स्थित कोल्हुवा बाँध निर्माण तथा संरक्षण कार्यका लागि रु. २५ लाख** विनियोजन गरिएको छ ।

उल्लेखित प्रमुख पूर्वाधार आयोजनाहरूका लागि कुल **रु. ६ करोड ८४ लाख** विनियोजन गरेको छु। यी आयोजनाहरूको समयमै तथा गुणस्तरीय कार्यान्वयनबाट सेवा प्रवाहमा सुधार, स्वास्थ्य सेवाको पहुँच विस्तार, सामुदायिक विकास तथा कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने विश्वास लिईएको छ ।

<u>वडा गौरव योजना</u>

प्रत्येक वडामा एक गौरव आयोजना सञ्चालन गर्ने नीति अनुरूप वडा नं. १ देखि ८ सम्मका गौरव योजनाका लागि कुल **रु. २ करोड २ लाख** विनियोजन गरिएको छ ।

४. **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

संस्थागत विकास, सूचना प्रविधि, क्षमता विकास, न्यायिक समिति, भूमि व्यवस्थापन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा सुशासन प्रवर्द्धनका कार्यक्रमका लागि **रु. ३ करोड ७५ लाख २ हजार ७७ रुपैयाँ** अर्थात् कुल बजेटको ६.०३ **प्रतिशत** विनियोजन गरिएको छ ।

सुशासन तथा प्रभावकारी सेवा प्रवाहका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको असल अभ्यास आदानप्रदान तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख**, नेतृत्व विकास सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न **रु. २ लाख** तथा कर्मचारीहरूका लागि एड्भान्स कम्प्युटर तालिम सञ्चालन गर्न **रु. १ लाख** विनियोजन गरिएको छ ।

राजश्व परिचालन तथा वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी बनाउन राजश्व व्यवस्थापन प्रणाली सञ्चालन तथा अभिमुखीकरण तालिमका लागि **रु. २ लाख**, राजश्व व्यवस्थापन असल अभ्यास कार्यक्रमका लागि **रु. ३ लाख** तथा Public Asset Management System सम्बन्धी तालिम सञ्चालनका लागि **रु. ३ लाख** विनियोजन गरिएको छ ।

गाउँपालिकाको सेवा प्रवाहको कार्यचापलाई मध्यनजर गर्दै अतिरिक्त समयमा समेत कामकाज गर्ने राष्ट्रसेवक कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरी अतिरिक्त सेवा बापतको सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने ब्यवस्था मिलाईएको छ ।

गाउँपालिकामा कार्यरत "दरबन्दीभित्र कार्यरत सम्पूर्ण करार कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था मिलाईएको छ र सो कार्य कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

स्थानीय न्याय सम्पादनलाई प्रभावकारी बनाउन मेलमिलापकर्ताहरूको तालिम तथा पुनर्ताजगी तालिमका लागि **रु. ३ लाख** तथा न्यायिक समिति पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास तालिमका लागि **रु. १ लाख २५ हजार** विनियोजन गरिएको छ ।

**५. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र**

कर्मचारी व्यवस्थापन, सेवा प्रवाह, प्रशासनिक सञ्चालन, कार्यालय व्यवस्थापन तथा नियमित प्रशासनिक खर्चका लागि **रु. ११ करोड ४९ लाख ९३ हजार ९ सय ३२ रुपैयाँ** अर्थात् कुल बजेटको **१८.४९ प्रतिशत** विनियोजन गरिएको छ ।

यसरी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल **रु. ६२ करोड १९ लाख २५ हजार** बराबरको बजेट विनियोजन गरिएको छ।

**सभा अध्यक्ष ज्यू,**

१. यसरी समग्रमा आ.व. ०८३/०८४ का लागि कुल बजेटको आकार रु. ६२ करोड १९ लाख २५ हजार रहने गरी सन्तुलित बजेट विनियोजन विधेयक यस सभासमक्ष प्रस्तुत गरिएको छ । जसमध्ये चालु खर्चतर्फ रु. ३८ करोड ८० लाख ४ हजार ६ सय ७७ रुपैयाँ ५० पैसा (६१.२३ प्रतिशत) र पुँजीगत खर्चतर्फ रु. २४ करोड ११ लाख २० हजार ३ सय २२ रुपैयाँ ५० पैसा (३८.७७ प्रतिशत) विनियोजन गरिएको व्यहोरा सभा समक्ष जानकारी गराईन्छ ।

२. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा राजश्व प्राप्तिको लागि आवश्यक पर्ने विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरिएको छ ।

३. गाउँपालिकाले आर्थिक वर्ष २०८३/२०८४ मा सम्पत्ति कर र भुमी मालपोत कर, व्यावसायीक कर, बहाल विटौरी कर, सिफारिस दस्तुर, नक्सा पास शुल्क, विज्ञापन कर, कवाडी कर लगायतका क्षेत्रमा कर तथा सेवा शुल्क उठाउने गरी आर्थिक विधेयक तयार गरिएको छ ।

४. वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण तथा राजश्वका दरहरु संलग्न अनुसूचिहरुमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा, यस बजेटको तर्जुमा तथा तयारीका क्रममा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक संस्था तथा सम्पूर्ण मायादेवीवासी दाजुभाई तथा दिदीबहिनीहरूको सक्रिय सहयोग, सहकार्य र सहभागिताको अपेक्षा गरेको छु ।

धन्यवाद् ।

**जय मायादेवी ।**

**२०८३/०३/०९**
**धन्यवाद, जय मायादेवी**
**प्रबक्ता**
**शैलेन्द्र कुमार पाण्डेय**
**मायादेवी गाउँपालिका, रुपन्देही ।**